# प्यूठान नगरपालिका

## प्यूठान नगर राजपत्र

खण्ड ३ भाग २ संख्या ३४ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मितिः २०७७/५/२१


## प्यूठान नगरपालिकाको प्राइभेट फर्म दर्ता तथा नविकरण सम्वन्धि कार्यविधि २०७७

**प्रस्तावः**

नेपालको संबिधान २०७२, स्थानिय सरकार संचालन ऐन २०७४ तथा प्रदेश सरकार प्रदेश नं. ५ बाट स्विकृत प्राइभेट फर्म दर्ता ऐन २०७६ को दफा ६ र प्राइभेट फर्म दर्ता नियमावली, २०७६ को नियम ८ ले दिएको अधिकार प्रयोग गरी प्यूठान नगरपालिका क्षेत्र भित्र स्थापना हुने वा सन्चालित ५ लाख सम्म कूलपूँजी लगानी भएका उद्योग तथा वाणिज्य सम्वन्धि प्राइभेट फर्म दर्ता, नविकरण तथा अध्यावधिक गर्ने प्रयोजनको लागि प्यूठान नगरपालिकाद्वारा यो कार्यविधि तयार गरि जारी गरीएको छ ।

### परिच्छेद १
### प्रारम्भीक

१. संक्षिप्त नाम र परिचय :- यस कार्यविधिको नाम प्यूठान नगरपालिकाको प्राईभेट फर्म दर्ता नविकरण तथा अध्यावधिक गर्ने कार्यविधि २०७७, रहेको छ ।

२) यो कार्यविधि नगरकार्यपालिकावाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

३) यो कार्यविधि प्यूठान नगरपालिका भरी लागु हुनेछ ।

४) परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

क) “नगरपालिका”भन्नाले नेपालको संविधान २०७२ बमोजिम गठन भएको प्यूठान नगरपालिकालाई संझनु पर्दछ ।

ख) “कार्यपालिका”भन्नाले प्यूठान नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) “नगर सभा”भन्नाले प्यूठान नगरपालिकाको नगर सभालाई संझनु पर्दछ ।

घ) “शाखा” भन्नाले प्यूठान नगरपालिकाको आर्थिक विकासशाखा संझनु पर्दछ ।

ङ)) “कार्यालय” भन्नाले प्यूठान नगरकार्यपालिकाको कार्यालय संझनु पर्दछ ।

च) “वडा कार्यालय” भन्नाले यस प्यूठान नगरपालिका अन्तर्गतका १० वटै वडा कार्यालयलाई संझनु पर्दछ ।

छ) “प्रमुख” भन्नाले यस प्यूठान नगरपालिकाको प्रमुखलाई संझनु पर्दछ ।

ज) “उप-प्रमुख” भन्नाले यस प्यूठान नगरपालिकाको उप-प्रमुखलाई संझनु पर्दछ ।

झ)“प्रमुख प्रशासकीय अधिकृत” भन्नाले प्यूठान नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्दछ ।

ञ) “ऐन” भन्नाले ५ नं. प्रदेशद्धारा जारी गरीएको प्राईभेट फर्म दर्ता ऐन २०७६, संझनु पर्दछ ।

ट) “नियमावली” भन्नाले ५ नं. प्रदेशद्वारा जारी गरीएको प्राईभेट फर्म दर्ता नियमावली २०७६, संझनु पर्दछ ।

ठ) “व्यवसाय” भन्नाले नाफा कमाउने उद्देश्यले स्थापना गरिएका उद्योग, ब्यापार, होटेल पसल कार्यशाला आदीलाई जनाउँदछ । सो शब्दले बस्तु वा सेवा उत्पादन गर्ने सबै प्रकारका आर्थिक कियाकलाप वा पेशालाई समेत जनाउँदछ ।

ड) “व्यवसायी” भन्नाले यस प्यूठान नगरपालिका भित्र ब्यवसाय स्थापना वा संचालन गरि आएका उद्यमपति, ब्यापारी,पेशाकर्मी व्यक्ति वा संस्था संम्झनु पर्दछ ।

ढ) “कार्यविधी” भन्नाले प्यूठान नगरपालिकाको प्राईभेट फर्म दर्ता, नविकरण तथा अध्यावधिक गर्ने कार्यविधि २०७७, सम्झनु पर्दछ ।

## परिच्छेद –२

### प्राईभेट फर्म दर्ता सम्वन्धि व्यवस्था

५) प्राइभेट फर्म दर्ता गर्नु पर्ने :- प्रत्येक व्यवसायीले नगरपालिकाको कार्यालयमा आ–आफ्नो प्राईभेट फर्म अनिवार्य दर्ता गर्नुपर्ने छ ।

६) सुचना प्रकाशन गरिने :- प्राइभेट फर्म दर्ताको लागि नगरपालिकाले सुचना स्थानिय सन्चार माध्यम वा अन्य कुनै माध्यमवाट प्रकाशन तथा प्रशारण गर्नेछ ।

७) तोकिएको समय भित्र फर्म दर्ता गर्नु पर्ने :- सम्पूर्ण व्यवशायीहरुले आफूले संचालन गरेका उद्योग व्यवसायहरु प्राइभेट फर्म दर्ता ऐन २०७७ बमोजिम तोकिएको सम्ममा अनिवार्य दर्ता गरि सक्नु पर्नेछ ।





८.दर्ताका लागि आवस्यक कागजातहरु :-

८.१) प्राइभेट फर्म दर्ता गर्न चाहने व्यवसायीले रु १००।- (एक सय रुपैयाँ) दर खास्त दस्तुर एवं निम्न कागजात सहित नगरपालिकाको कार्यालयमा अनुसुचि-१ वमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

८.२) हाल सालै खिचेको २ प्रति फोटो ।

८.३) नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

८.४) चार किल्ला प्रमाणित सहितको वडा कार्यालयको सिफारीस ।

८.५) व्यवसाय सन्चालन हुने जग्गाको जग्गाधनि प्रमाण पूर्जाको प्रतिलिपि

८.६) अर्काको नाममा घर/जग्गा भए व्यवसाय सन्चालन गर्न दिने घर धनिको मन्जुरीनामा सहित घरभाडा वहाल सम्झौता पत्रको प्रतिलिपि ।

८.७) उद्योगको हकमा साध-सँधियारहरुको मन्जुरीनामा ।

९.फर्म दर्ता दस्तुर :-

९.१) प्राइभेट फर्म दर्ताको लागि नगरपालिकाको आर्थिक ऐन बमोजिम तिरेको यसै कार्यालयको नगदी रसिद संलग्न राख्नुपर्नेछ ।

९.२) उपनियम (५.१) मा जुनसुकै कुरा लेखिएको भएता पनि महिला, अपांगता भएका व्यक्ती र दलित समुदायको व्यक्तिलाई उपनियम ५.१ मा उल्लेखित दस्तुरमा पचास प्रतिशत छुट हुनेछ ।

९.३) अपाङ्गता भएका व्यक्ति र दलित समुदायको व्यक्तिले उपनियम (५.२) वमोजिमको सुविधाको लागि आधिकारीक निकायवाट जारी गरिएको अपाङ्गता भएका व्यक्ति र दलित समुदायका व्यक्ति पहिचान हुने प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

१०. प्रमाण पत्र सम्वन्धि व्यवस्था :-

नियम ८ बमोजिमका कागजातहरु प्राप्त भई सके पछि तोकिएको दस्तुर लिई कार्यालयले जाँचबुझ गरी प्राइभेट फर्म दर्ता गर्न मनासिव देखिएमा अनुसुचि २ वमोजिमको दर्ता किताबमा दर्ता गरी उद्योग सम्वन्धि फर्म भए अनुसुचि ३ वमोजिम र वाणिज्य सम्वन्धि फर्म भए अनुसुचि ४ वमोजिमको ढाँचामा प्रमाण पत्र दरखास्त वालालाई दिइनेछ ।

११. प्राईभेट फर्म नविकरण सम्वन्धि व्यवस्था :-

(११.१) यस ऐन वमोजिम दर्ता भएको प्राईभेट फर्मको नविकरण बार्षिक गरिने छ ।

(११.२) प्राइभेट फर्म नविकरण गराउन चाहने प्राइभेट फर्मको धनिले उपनियम (७.१) को अवधि समाप्त भएको मितिले ६ महिना भित्र तपसिलका

कागजात संलग्न गरी कार्यालयमा अनुसुचि ५ वमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

क) फर्म दर्ताको सक्कल प्रमाण पत्र ।
ख) आयकर (स्थायी लेखा नम्वर) दर्ता प्रमाण-पत्रको प्रतिलिपि
ग) अघिल्लो आ.व. को कर तिरेको (करचुक्ता) प्रमाण पत्र
घ) नविकरण शुल्क वापत आर्थिक ऐन अनुसार तिरेको नगदी रसिद

**१२. दर्ता अद्यावधिक :-**

(१२.१) प्राईभेट फर्म दर्ता ऐन २०७६ प्रारम्भ हुनु भन्दा अगाडी प्रचलित कानुन वमोजिम दर्ता तथा नविकरण भएको फर्मले दर्ता अद्यावधिक गर्न अनुसुचि ६ वमोजिमको ढाँचामा कार्यालयमा दरखास्त दिनु पर्नेछ ।

(१२.२) उपनियम (८.१) वमोजिम अद्यावधिक गर्न दरखास्त पेश भएमा कार्यालयले त्यस्तो फर्मको दर्ता अद्यावधिक गरी प्रमाण-पत्र दिनेछ । अद्यावधिक गर्दा उक्त फर्मको नविकरण गर्नुपर्ने भएमा सो फर्मको नविकरण गर्ने अवधि बाँकी रहेछ भने सो नघटने गरी नविकरण अवधि कायम गरिनेछ । अद्यावधिक गर्ने कार्यका लागि रु १००।- वुझाएको यस कार्यालयको नगदी रसीद लगायत अन्य आवश्यक कागजातहरु पेश भएमा कार्यालयले जाँचवुझ गरिउक्त फर्म अद्यावधिक गरी प्रमाण-पत्र उपलब्ध गराउन सक्नेछ ।

**१३ दर्ता खारेजी :**

**१३.१)**दर्ता भएको प्राईभेट फर्मको धनिले मनासिव कारण देखाई आफ्नो फर्म बन्द वा खारेज गर्न चाहेमा फर्म दर्ताको सक्कल प्रमाण-पत्र सहित अनुसुची बमोजिमको ढाँचामा निबेदन दिन सक्ने छ ।

१३.२) उपनियम (१३.१) बमोजिम फर्म खारेजीको लागि निवेदन पेश भएमा कार्यालयले फर्म खारेज गर्नु अघि सम्मको सम्पूर्ण बक्यौता, कर चुक्ता भएको प्रमाण पेश गर्न लगाई त्यस्तो प्राईभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको कानुन बमोजिम लाग्ने दस्तुर तथा जरिवाना समेत निजबाट असुल गरि प्राईभेट फर्म खारेज गरि दर्ता किताववाट लगत कट्टा गर्नुपर्ने छ ।

**१४ प्रतिलिपि लिन सकिने :**

**१४.१)** यस नियमावली बमोजिम प्रदान गरिएको प्राईभेट फर्म दर्ता प्रमाण-पत्र हराएमा, नष्ट भएमा वा अन्य कुनै कारणबाट काम नलाग्ने भएमा फर्म धनिले





कार्यालयमा निबेदन दिनु पर्नेछ ।

१४.२) उपनियम (१४.१) बमोजिमको पेश भएको निबेदनको व्यहोरा मनासिव देखिएमा कार्यालयले रु १००।-(एकसय) रुपैया प्रतिलिपि दस्तुर लिई निबेदकलाई प्रतिलिपी उपलब्ध गराइदिन सक्नेछ ।

## परिच्छेद ३

**अनुगमन तथा कारवाही**

**१५अनुमति वा इजाजत लिनुपर्ने :**

यस कार्यविधिमा अन्यत्र जेसुकै लेखिएको भएतापनि प्राईभेट फर्म दर्ता एन २०७७, वमोजिम दर्ता भएको कुनै फर्मले कुनै व्यवसाय सन्चालन गर्न प्रचलित कानुन वमोजिम कुनै अधिकारी वा निकायको अनुमति-पत्र वा इजाजत-पत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमति वा इजाजत-पत्र नलिई आफ्नो व्यवसाय सुरु गर्न सक्ने छैन र फर्म दर्ता भएकै आधारमा त्यस्तो व्यवसाय संन्चालन गर्न अनुमति प्राप्त गरेको मानिने छैन ।

**१६मुल्य सुचि सम्वन्धि व्यवस्था :-**

प्यूठान नगरपालिका क्षेत्र भित्र वाणीज्य फर्म दर्ता गरी व्यवसाय संचालन गर्ने सम्पूर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रष्ट संग देख्ने गरी मूल्य सुचि राख्नु पर्नेछ ।

**१७वजार अनुगमन सम्वन्धि व्यवस्था :-**

यस नगरपालिका भित्र संचालित व्यवसायलाई स्वच्छ, स्वस्थ,व्यवस्थित वनाउन नियमित वजार अनुगमन गरिनेछ वजार अनुगमन सम्वन्धि अन्य व्यवस्था नगरपालिकाले प्रचलित ऐन कानुनका साथै आफ्नो अनुगमन निर्देशिका वमोजिम हुनेछ ।

**१८दर्ता खारेजी र व्यवसाय वन्द सम्वन्धि व्यवस्था :-**

प्रचलित ऐन कानुन र यस कार्यविधि बिपरित देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय वन्द गराईनेछ ।

क) फर्म दर्ता नगरी संचालन गरेमा,
ख) तोकिएको समय भित्र नविकरण नगराएमा,
ग) कानुन वमोजिम निषेध गरिएका सामाग्रीहरु वेचविखन तथा

कारोवार गरेमा,

घ) कालोवजारी गरेमा,

ङ) गुणस्तरहिन मालसमानहरु, म्याद गुज्रेका,प्रदुषित, फोहोर मालसमानहरुवेचविखनगरेमा ।

**१९कारवाही र जरिवाना सम्वन्धि व्यवस्था**

१९.१) वजार अनुगमनको क्रममा देहायका अवस्था भेटिन गएमा देहाय वमोजिम तुरुन्त कारवाही गरिनेछ ।

जरिवाना :-

क) मूल्य सुचि नराखेमा रु.५००

ख) तोकिएको समय भित्र फर्म दर्ता नविकरण नगरेमा थप रु २० प्रतिशत....

ग) म्याद नाघेका वा गुणस्तर हिन प्रदुषित फोहोर सामाग्रीहरु वेचविखन गरेमा रु.१०००।

घ) कालोवजारी गरेमा रु ५०००

१९.२) उपदफा (१९.१) वमोजिम जरिवाना गरी सके पश्चात कुनै पनि व्यवसायीले आफ्नो कमि/कमजोरी सुधार नगरेको पाईएमा उक्त व्यवसायलाई सोही कसुरमा दोव्वर जरिवाना गरिनेछ ।

परिच्छेद -४

विविध

**२०वाधा, अडकाउ फुकाउ सम्वन्धि व्यवस्था :-**

२०.१) यो कार्यविधिको कार्यान्वयन गर्दाकुनै वाधा अवरोध वा अस्पस्टता आइपरेमा वा थप व्यवस्थित र प्रभावकारी वनाउन आवश्यक भएमा नगर कार्यपालिकाले आवश्यकतानुसारथपघट,हेरफेर वा संशोधन गर्न सक्नेछ ।

२०.२) यो कार्यविधिमा उल्लेख नभएको कुनै नितिगत व्यावहारिक वा कार्यसम्पादन सम्वन्धि समस्या वा कठिनाई उत्पन्न भएमा नगर कार्यपालिकाले वाधा अडकाउ फुकाई कार्य सम्पादन सहजिकरण गर्न सक्नेछ ।

२०.३) यस कार्यबिधिमा उल्लेख नभएका उद्योग तथा बाणिज्य प्रशासैन सँग सम्वन्धित अन्य कुराहरु प्रचलितऐन नियम बमोजिम हुने छन ।

अनुसुची १

(नियम ८ को उपनियम ८.१ संग सम्वन्धित )

प्राइभेट फर्म दर्ता सम्वन्धि दरखास्त





मिति २०   /   /

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू ,
प्यूठान नगरकार्यपालिकाको कार्यालय
विजुवार, प्यूठान ।

विषय :-प्राईभेट फर्म दर्ता गरिदिनु हुन ।

महोदय ,

निम्न वमोजिम उद्योग /व्यवशाय गर्न देहायमा उल्लेख भएको नामको फर्म मेरो नाउँमा दर्ता गराउन इच्छुक भएकोले आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु । लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानुन वमोजिम सहुँला वुझाउँला ।

१) फर्मको नाम :-
२) फर्मको पुरा ठेगाना :-
३) फर्मको उद्देश्य :-
४) फर्मको पूँजी
५) कारोवार गर्ने वस्तु सेवा तथा कामको विवरण :-
६) प्राइभेट फर्म धनिको तीन पुस्ते विवरण :-

दरखास्तवालाको नाम थर :-   वतन
वावुको नाम थर :-वतन
वाजेको नाम थर :-
वतन दरखास्तवालाको लेखात्मक र रेखात्मक सही छाप
लेखात्मक सही :-   दाँया वाँया
इति सम्वत् २०............साल ..........महिना .........गते.....

रोज शुभम् ।

अनुसुची २

(नियम १०संग सम्वन्धित )

प्राइभेट फर्मको दर्ता किताव

पासपोर्ट साईजको फोटो

| पासपोर्ट साईजको फोटो |
|---|

फर्म दर्ता नं. :-
फर्म दर्ता मिति :-
फर्मको नाम :-

फर्म को उद्देश्यः-
फर्म पूँजी :-
फर्म ठेगानफर्म धनिको नाम थर :-
फर्म धनिको स्थायी ठेगानाः-
फर्मधनिको बुवा/आमाको नाम थर :-
स्थाई लेखा नं. :-
फर्म धनिको सम्पर्क नं. :-
फर्म धनिको सही :-

औँठा छाप | दायाँ | बायाँ

कैफियत .......................................................................

अनुसुची ३
(नियम १०संग सम्वन्धित )
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान ।
उद्योग सम्वन्धि फर्म दर्ताको प्रमाण-पत्र
पासपोर्ट साइजको फोटो

प्रा.फ.दर्ता नं.

देहाय वमोजिमको विवरण भएको मिति ..........................मा प्राईभेट फर्म दर्ता ऐन २०७६ वमोजिम दर्ता गरी यो प्रमाण पत्र दिएको छ ।

विवरण

प्राईभेट फर्म धनिको नाम थर :-
फर्म धनिको नागरीकता नं. :-
प्राईभेट फर्म धनिको नाम :-
फर्मको ठेगाना :-
प्राईभेट फमको पूँजी :-
प्राईभेट फमको उद्देश्य :-
विद्युत शक्तीको खपत (किलोवाट) :-





.........................
प्रमुख प्रसासकीय अधिकृत

मितिः-

नविकरणको विवरण

| नविकरण गरेको मिति | नविकरण पछि बहाल रहने मिति | बुझाएको दस्तुर | रसिद नं. र भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको सहि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

अनुसुची ४
(नियम १०संग सम्वन्धित )
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विजुवार, प्यूठान ।
वाणिज्य सम्वन्धि फर्म दर्ताको प्रमाण -पत्र ।

पासपोर्ट साइजको फोटा

प्रा.फ.दर्ता नं..........

देहाय वमोजिमको विवरण भएको फर्म मिति ................मा प्राईभेट फर्म दर्ता ऐन २०७६ वमोजिम दर्ता गरि यो प्रमाण पत्र दिईएको छ ।

विवरण

प्राईभेट फर्म धनिको नाम थर :-
फर्म धनिको नागरीकता नं. :-
प्राईभेट फर्म धनिको नाम :-
फर्मको ठेगाना :-
प्राईभेट फमको पूँजी :-

प्राईभेट फमको उद्देश्य :-
विद्युत शक्तीको खपत (किलोवाट) :-

...............................
प्रमुख प्रसासकीय अधिकृत मितिः

अनुसुची ५
(नियम ११को उपनियम ११.२ संग सम्वन्धित )
प्राईभेट फर्म नविकरण सम्वन्धि दरखास्त

मिति २०....../....../.....गते

श्रीमान् प्रमुख प्रशासकीयअधिकृतज्यू
प्यूठान नगरकार्यपालिकाको कार्यालय
विजुवार , प्यूठान ।

विषय :-प्राइभेट फर्म नविकरण गरिदिनु हुन ।

महोदय,

मेरो नाममा यस कार्यालयमा दर्ता रहेको ...................................नामको प्राईभेट फर्म दर्ता नं.................को नविकरण गरिदिनुहुन अनुरोध गर्दछु । नविकरणका लागि आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न राखेको छु ।

निवेदक
प्राइभेट फर्म धनिको
नाम थर :-
दस्तखत :-
ठेगाना :-
मो.नं.





अनुसुची ६
(नियम १२ को उपनियम १२.१ संग सम्वन्धित )

प्राईभेट फर्म अध्यावधिक सम्वन्धि दरखास्त मिति २०......./......./..... गते श्रीमान् प्रमुख प्रशासकीयअधिकृत ज्यू ,प्यूठान नगरकार्यपालिकाको कार्यालय विजुवार, प्यूठान ।

विषय :- प्राइभेट फर्म अध्यावधिक गरीदिनु हुन ।

महोदय ,

देहाय वमोजिमको विवरण भएको प्राईभेट फर्म मिति ..........................मा दर्ता भई पछिल्लो पटक मिति .......................मा नविकरण भएकोले अद्यावधिक गरिदिनु हुन अनुरोध गर्दछु ।

१) फर्मको नाम :-
२) फर्मको पुरा ठेगाना :-
३) फर्मको उद्देश्य :-
४) फर्मले कारोवार गर्ने वस्तु तथा सेवाको विवरण :-
५) वाजे /वज्यैको नाम थर :-
६) वावुको नाम थर :-
७) आमाको नाम थर :-
८) सम्पर्क नं.

माथि लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित कानुन वमोजिम सहुँला /वुझाउँला ।

निवेदक :
प्राईभेट फर्म धनिको
नाम,थर :-
दस्तखत :-
ठेगाना :-

अनुसुची ७
(नियम १२ को उपनियम १२.१ संग सम्वन्धित )
प्राईभेट फर्म खारेज सम्वन्धि निबेदन

मिति २०......./....../.....गते

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
प्यूठान नगरकार्यपालिकाको कार्यालय
विजुवार, प्यूठान ।



प्युठान नगरपालिका
प्युठान नगरपालिका

विषय :- प्राइभेट फर्म खारेज गरिदिनु हुन ।

महोदय ,

मेरो नाममा रहेको.............................................................दर्ता नं. ................भएको ..........................................नामको प्राईभेट फर्म ........................... कारणले अब देखि संचालन गर्न नसक्ने भएकोले दर्ता खारेज गरिदिनु हुन अनुरोध गर्दछु ।

निवेदक

प्राईभेट फर्म धनिका
नाम, थर :-
दस्तखत :-
ठेगाना :-

आज्ञाले
यज्ञ व. बुढा
२०७७/५/२१